आज मिति २०८१/०६/०८गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती बोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. शुभकामना आदान प्रदान सम्वन्धमा ।

३. कृषि उपज संकलन केन्द्र (तरकारी बजार) को लागि जग्गा लिजमा लिने सम्वन्धमा ।

४. आर्थिक सहयोग सम्वन्धमा ।

५. वि.व्य.स.को निर्णयलाई अनुमोदन गर्ने सम्वन्धमा ।

६. प्रारम्भिक बालविकास केन्द्र कक्षा संञ्चालन गर्न अनुमति प्रदान गर्ने सम्वन्धमा ।

७. बालमैत्री कार्यक्रम अर्न्तगत विद्यालयको पूर्वाधार निर्माणको लागि बजेट विनियोजन सम्वन्धमा ।

८. योजना सम्झौता सम्वन्धमा ।

९. सिकाई केन्द्रमा कार्यरत सहजकर्ताहरुलाई परिचालन सम्वन्धमा ।

१०. विविध सम्वन्धमा ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा २०८१ सालका नजिकिदै आएका नेपालीहरुका महान चाड वडादशैं, शुभदिपावली, नेपाल सम्वत् र छट पर्वको पावन अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नगरवासीहरुमा शुख, शान्ती, समृद्धी र उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निणर्य नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा हाल सम्म बागलुङ बजार क्षेत्रमा व्यवस्थित तरकारी बजारको जग्गा प्राप्तीको लागि मिति २०८१/०५/०९ मा प्रकाशन गरिएको सुचनाको म्याद भित्र ३ वटा जग्गा दाताले जग्गा भाडामा दिनको लागि प्रस्ताव पेश गरेका र सो मध्ये बा.न.पा. वडा नं. ३ निवासी प्रेम प्रसाद श्रेष्ठको प्रस्तावित जग्गाको क्षेत्रफल तुलनात्मक रुपमा बढी (३-१०-०-३) भएको साथै निजको प्रस्तावित भाडादर समेत तुलनात्मक रुपमा कम भएको हुँदा उक्त फाईल आवश्यक निणयार्थ

कार्यपालिकामा पेश भएकोमा उल्लेखित जग्गामा जोडिएको सडकको मापदण्डको विषयमा पुष्पलाल ( मध्यपहाडी) राजमार्ग आयोजना कार्यालयको प.सं. ०८०।०८१, च.नं. ४१२, मिति २०८१।०२।१८ गतेको प्राप्त पत्रानुसार हालसम्म नीतिगत निर्णय भईनसकेको भन्ने उल्लेख भएको तर उक्त जग्गाको केहि भाग सडक अधिकार क्षेत्र भित्र पर्ने सम्भावना देखिएको हुँदा सडक मापदण्डको सम्वन्धमा स्पष्टता हुन आई निर्मित संरचना भत्काउनु पर्ने अवस्था आएमा जग्गाको भाडा सम्झौता अन्त्य गर्ने गरी हाललाई उक्त जग्गाको सम्झौता गरी तरकारी बजार स्थापना गर्ने निर्णय गरियो ।

निणर्य नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ४ उपल्लाचौर बस्ने एलिक खड्कालाई कुकुरले टोकी उपचारको लागि पोखरा लैजानु पर्ने भएको र निजको आर्थिक अवस्था कमजोर भएको हुँदा निजको उपचार सहयोगको लागि रु २०,०००। अक्षेरुपी वीस हजार रुपैया मात्र आर्थिक सहयोग उपलब्ध गराउने र रामरेखा आधारभूत विद्यालयले स्कुल भ्यान खरिदका लागि विद्यालयको आन्तरिक श्रोत अभावको कारण भन्सारमा लाग्ने रकम अनुदान माग गरेको हुँदा उक्त विद्यालयलाई भन्सारमा लाग्ने रकम मध्ये ५० प्रतिशतले हुन आउने रकम रु २२०,०००। अक्षेरुपी दुई लाख विस हजार रुपैया मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ११, रायडाडा स्थित महाविद्याजन माध्यमिक विद्यालयमा प्राथमिक तह, तृतिय श्रेणीमा करार (राहत) मा कार्यरत शिक्षक श्री हरिलाल थापाले मादक पदार्थ सेवन गरी विद्यालयमा उपस्थित हुने गरेको, मिति २०८१/०४/२३ गते देखी विद्यालयलाई सुचना (जानकारी) नगराई लगातार अनुपस्थित रहेको र निजको कार्यसम्पादन समेत सन्तोषजनक नरहेको भनि विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०६/०१ गतेको बैठकबाट निज शिक्षक संगको करार अवधि थप नगर्ने भनि उक्त विद्यालयको च.नं. २३, मिति २०८१/०६/१४ गतेको पत्रबाट लेखि आएको हुँदा निज शिक्षक श्री हरिलाल थापाको करार म्याद थप नगर्ने गरी वि.व्य.स.को निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निणर्य नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ११, रायडाडा स्थित सहिद स्मृति आधारभुत विद्यालयले प्रारम्भिक बालविकास केन्द्र/कक्षा खोल्ने सम्बन्धमा दिएको निवेदन सम्वन्धमा आवश्यक छलफल हुँदा उक्त विद्यालयले शिक्षा ऐन २०५८ तथा नियमावली २०५९ र प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन निर्देशिका २०६१ अनुसारको पूर्वाधार पुरा गरेको र यस पालिकाको

नक्सांकनमा समेत परेको हुँदा उक्त विद्यालयलाई मिति २०८१/०६/१९ गते देखी प्रारम्भिक बालविकास केन्द्र कक्षा संञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निणर्य नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व.मा बालमैत्री कार्यक्रमको लागि विनियोजन भएको बजेट शिर्षकको रकमबाट बागलुङ नगरपालिका वडा नं. ८ स्थित ज्ञानकुञ्ज प्राथमिक विद्यालयलाई रु २००,०००।, बा.न.पा. वडा नं. ६ स्थित सरस्वती प्राथमिक विद्यालयलाई रु १५०,०००। र बाँकी रहेका सम्पूर्ण विद्यालयहरुलाई बालमैत्री कार्यक्रम कार्यान्वयन गर्ने गरी वडा भित्र रहेका विद्यालय संख्याको आधारमा प्रति विद्यालय रु १,००,०००। का दरले हुने गरी रकम विनियोजन गर्ने र विद्यालयको स्तर, विद्यार्थी संख्याको चाप र विद्यालयको आवश्यकता समेतलाई मध्येनजर गरी उक्त रकम मध्येबाट अधिकतम बजेट सिलिङ तोकि प्राप्त हुन आएको वडा सिफारिसको आधारमा विद्यालयको पूर्वाधार विकासको योजना सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व. ०८१/०८२ को लागि १५ औं नगरसभाबाट विनियोजन भएका योजनाहरुको उपभोक्ता समिति गठन गरी मंसीर मसान्त सम्म सम्झौता गर्ने गरी कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सवै वडा कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्तव नं. ९ माथि छलफल गर्दा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तर्फ हाल रित्त रहेको रिटर्नी स्वयम सेवकको काम गर्ने गरी हाल यस नगरपालिका कार्यालय अन्तर्गत सिकाई केन्द्रमा कार्यरत सहजकर्ताहरुलाई मासीक टेलिफोन महशुल उपलब्ध गराउने गरी परिचालन गर्ने निर्णय गरियो ।